**श्री माछापुच्छ्रे बैंक लिमिटेड**
**२०६० पौष २९ गते मंगलबारका दिन**
**सम्पन्न भएको**
**पाचौं वार्षिक साधारण सभाको निर्णयहरु**

**१. पृष्ठभूमि :**

श्री माछापुच्छ्रे बैंक लिमिटेडको पाचौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रमोहन गौचनज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६० साल पौष २९ गते मंगलबार ( १३ जनबरी २००४)
स्थान : दीपेन्द्र सभा गृह, नयाँबजार, पोखरा
समय : दिनका ११:०० बजे ।

**३. सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६०/०८/१२ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम पाचौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०५३ को दफा ५४(२) तथा बैंकको नियमावलीको नियम १०(७) अनुसार मिति २०६०/०९/४ गतेको कान्तिपुर दैनिकमा र मिति २०६०/०९/७ गतेको स्पेसटाईम दैनिकमा गरि २ पटक प्रकाशित भएको ।

(ख) पाचौं वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक व्यवस्थापन समूह समेत समावेश भएको बैंकको पाँचौं बार्षिक प्रतिवेदनको पुस्तिका सम्बन्धित शेयरधनीहरुको बैंकमा उपलब्ध व्यक्तिगत ठेगानामा पठाइएको ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भई दिनका लागि नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय तथा प्रतिनिधिको रुपमा उपस्थित भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड र श्री धितोपत्र बिनिमय बजार लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको ।

(घ) साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई समेत अनुरोध गरिएको ।

## ४. सभामा प्रस्तुत छलफलको बिषय सूची :

१. अध्यक्षको मन्तव्य र पाँचौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६० आषाढ मसान्तको वासलात र मिति २०५९/४/१ देखि २०६०/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण छलफल र पारित गर्ने ।

३. आर्थिक बर्ष २०६०/६१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (हाल बहालवाला लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

४. संचालकहरुको पारिश्रमिक र सुबिधा अनुमोदन गर्ने ।

५. पाँचौं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक-एक जना प्रतिनिधि नियुक्त गर्ने ।

६. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन गर्ने ।

७. बिविध ।

## ५. सभामा उपस्थिति :

क) संचालकहरुको उपस्थिति :

(१) श्री चन्द्रमोहन गौचन
(२) श्रीमती गीता श्रेष्ठ
(३) श्री सूर्य बहादुर के.सी.
(४) श्रीमती प्रेम कुमारी के.सी.
(५) श्री आनन्द राज वतास
(६) श्री सन्त बहादुर गुरुङ्ग

ख) पर्यवेक्षक / प्रतिनिधिहरुको उपस्थिति :

(१) श्री लक्ष्मी प्रसाद प्रसाई, नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय
(बाणिज्य बैंक ऐन, २०३१ को दफा ११(२) र बैंकको नियमावलीको नियम १०(५) को प्रावधान अनुरुप)

ग) आमन्त्रितहरुको उपस्थिति :

(१) श्री जगतमोहन गौचन, सदस्य - लेखापरीक्षण समिति
(२) श्री राजेश पौडेल, लेखापरीक्षक - श्री एस.आर. पाण्डे एण्ड कम्पनीको तर्फबाट
(३) श्री कृष्ण बहादुर थापा, निर्वाचन अधिकृत

घ) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत
(२) श्री बिजय बहादुर श्रेष्ठ : सहायक महाप्रबन्धक
(३) श्री प्रविण कृष्ण श्रेष्ठ : बरिष्ठ प्रबन्धक
(४) श्री अर्जुन थापा : प्रबन्धक, कर्जा बिभाग
(५) श्री पृथ्वी श्रेष्ठ : प्रबन्धक, कोष ब्यबस्थापन तथा कम्पनी सचिव
(६) श्री अनिल जोशी : प्रमुख, सूचना प्रविधि बिभाग
(७) श्री बिनोद कुमार सिंह : प्रमुख, प्रशासन बिभाग
(८) श्री गोबिन्द प्रसाद शर्मा : प्रमुख, वित्त तथा योजना बिभाग

ङ) शेयरधनीहरुको उपस्थिति :

(१) स्वयं उपस्थित ५८४ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या : ३,६६३,०५५ ( ६६.६६ प्रतिशत)

(२) प्रतिनिधिद्वारा ५५२ जनाको प्रतिनिधित्व भएको शेयर संख्या : ३३०,२८९ ( ६.०१ प्रतिशत)

(३) जम्मा उपस्थित ७२.६७ प्रतिशत

## ६. सभाको गणपुरक संख्या :

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ५५,००,००० | १२,४८४ | ५८४ | १,१३६ | ७२.६७ |

## ७. सभाको वैधानिकता :

साधारण सभा शुरु हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई स्वागत अभिवादन गर्दै बाणिज्य बैंक ऐन, कम्पनी ऐन र बैंकको नियमावली तथा प्रैचलित कानुन बमोजिम बैंकको पाँचौं साधारण सभा बोलाईएको जानकारी दिनु भयो ।

सभा संचालनका लागि बाणिज्य बैंक ऐन, २०३१ को दफा ११ उपदफा (५) र यस बैंकको नियमावलीको नियम १०(२०) बमोजिम साधारण सभाको गणपुरक संख्या पुग्न कुल बिक्रि भएको शेयरको कम्तिमा पचास प्रतिशतको प्रतिनिधित्व हुने गरि कम्तिमा १५ जना शेयरधनीहरुको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको कुल बिक्री भएको शेयर संख्या ५५ लाख र कुल शेयरधनी संख्या १२,४८४ रहेकोमा यस पाँचौं साधारण सभामा १,१३६ जना शेयरधनी (प्रोक्सी समेत) उपस्थित भै कुल बिक्री भएको शेयरको ७२.६७ प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी दिनुभयो ।

## ८. सभाको सभापतित्व :

बैंकको पाचौं बार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०५३ को दफा ६१ (१) र बैंकको नियमावलीको नियम १०(२२) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री चन्द्रमोहन गौचनज्यूले गर्नु भयो । उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै सभापति महोदयले सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ९. सभा संचालन र बार्षिक प्रतिवेदनको प्रस्तुति :

९.१ सभाका सभापति श्री चन्द्रमोहन गौचनले संचालक समितिको तर्फबाट बैंकको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.२ सभा समक्ष संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुत भए पछि सभापतिले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६० आषाढ मसान्तसम्मको बासलात र आर्थिक बर्ष २०५९/६० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण सभा समक्ष छलफलको लागि प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आब्हान :

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूचि उपर छलफल गर्न सक्ने व्यवस्था बाणिज्य बैंक ऐन, २०३१ को दफा ११(३) मा भए अनुरुप सभापतिद्वारा प्रस्तुत संचालक समितिको बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण समेतमा छलफलको लागि आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुभाब राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापति महोदयले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका क्रममा देहायका शेयरधनीहरुले बैंकको काम कारबाही, बार्षिक हरहिसाब तथा बार्षिक प्रतिवेदनबाट उठेका बिभिन्न बिषयहरुका सम्बन्धमा छलफल गर्नु भै आ-आफ्ना राय तथा जिज्ञाशाहरु व्यक्त गर्नु भयो ।

१. श्री अम्बर तुलाचन

२. श्री रमेश बहादुर भारी

३. श्री बासुदेव पराजुली

**११. सभामा पेश भएका जिज्ञासा तथा सुझाबहरु र सभापतिले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावहरुले पेश गर्नु भएका मुख्य मुख्य बिचार, मन्तब्य, जिज्ञासा तथा सुझाबहरु र सभापति महोदय श्री चन्द्रमोहन गौचनज्यूले सम्बन्धित बिषयहरुमा दिनु भएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशको रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

११.१ श्री अम्बर तुलाचनज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) बिदेशबाट आउने रेमिटेन्स बैंकिङ्ग च्यानलबाट भन्दा हुण्डिबाट चाँडो आउँछ । बैंकको कृयाकलाप ढिलो छ र प्रकृया ज्यादै लामो छ । बैंकले के कसरी छिटो छरितो गरि त्यस्तो रकम भित्र्याउन सक्छ, सोच्नु पऱ्यो भन्ने सुझव ।

(ख) बैंकको पाँचौं बार्षिक प्रतिबेदन समयमा आई पुगेन, बैंकमा नै गएर लिनु पऱ्यो । त्यसैले पौष २२ गते भित्र उम्मेदवारी दर्ता गराउनु पर्छ भन्ने थाहा हुन सकेन । कुन कुरियर मार्फत पठाएको हो र किन शेयरधनीहरुसम्म पुग्न ढिलाई भएको हो, स्पष्ट पारिदिनु पऱ्यो भन्ने माग ।

(ग) बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुनु पर्ने दुई संचालकहरु मध्येमा उम्मेदवारी दिनुहुने शेयरधनी श्री प्राणेश्वर पोखरेल संस्थापक शेयरधनी हुनुहुन्छ र पहिले पनि संचालक समितिबाट मनोनित भै संचालक रही सक्नु भएको छ । संस्थापक शेयरधनीले साधारण शेयरधनीहरुको तर्फबाट पनि संचालकमा उम्मेदवार किन हुनु भयो र त्यसरी उम्मेदवार हुन मिल्ने हो कि होईन, केही बुझ्न सकिएन, स्पष्ट पारि दिनु पऱ्यो भन्ने माग ।

(घ) बैंकले हिमालय डिष्टिलरीको शेयरमा भएको लगानीको मूल्याँकन हालको बजार मूल्य भन्दा बढि हुने गरि प्रतिवेदनमा उल्लेख गरिएको छ, किन त्यसो गरिएको हो, स्पष्ट पारि दिनु पर्‍यो भन्ने माग ।

(ङ) संचालक समितिको प्रतिवेदनमा बैंकको चुक्ता पूँजी रु. ५५ करोड पुगेको भनिएको तर वासलातमा भने त्यो भन्दा कम देखाईको छ, त्यो कसरी भएको हो भन्ने स्पष्टिकरण माग ।

(च) बैंकको निक्षेप र कर्जा लगानीको अनुपात निकै कम देखिएको छ । जसले गर्दा बैंक अधिक तरलता (Excess Liquidity) मा रहेको देखिन्छ भने रु. ९ करोड सापटी लिएको देखिन्छ के हो भन्ने स्पष्ट पारि दिन माग ।

(छ) बैंकले यस बर्ष मुनाफा देखाएको भए तापनि गत बर्षसम्मको संचित नोक्सान रु. ४ करोड ५५ लाख भन्दा बढि रहेको हुनाले अहिले बैंक शून्यको स्थितिमा छ र यहि रितले नाफा कमाए पनि आउँदो दुई तीन बर्षसम्म पनि लाभाँश पाउने जस्तो देखिदैन । बैंकको स्थिर सम्पत्ति पनि धेरै छ भन्ने बिचार ब्यक्त ।

११.२ श्री रमेश बहादुर भारीज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई संचालकहरुको निर्वाचन चुनावबाट हुने हो वा कसरी हुने हो, Voting System बाट हुने हो वा अन्य तरिका छ, बुझ्न सकिएन, स्पष्ट पारिदिनु पर्‍यो भन्ने माग ।

(ख) बार्षिक प्रतिवेदन कुरियर मार्फत पौष २४ गते मात्र प्राप्त भएको र बैंकमा बुझ्दा संचालकमा उम्मेदवारी दिने समय पौष २२ गतेसम्म मात्र रहेको भन्ने जानकारी प्राप्त भएकोले आगामी दिनहरुमा यसमा सुधार होस् भन्ने सुझाव ब्यक्त ।

११.३ श्री बासुदेव पराजुलीज्यूको जिज्ञासा तथा सुझावहरु :

(क) बैंकको साधारण शेयरवालाहरुको तर्फबाट दुई जना संचालकहरुको निर्वाचन चुनावबाट हुने हो वा कसरी हुने हो, राम्रोसंग बुझ्न सकिएन । चुनावबाट हुने भए कहिले, कुन दिन भयो, राम्रोसंग स्पष्ट पारिदिनु पर्‍यो भन्ने माग ।

(ख) बार्षिक प्रतिबेदन शेयरधनीहरुको ठेगानामा आएन । किन नआएको हो, यदि शेयर माग आवेदनमा पूरा ठेगाना उल्लेख नभएको भए किन सो शेयर आवेदन स्वीकार गरियो, त्यसै बेला त्यस्ता शेयर आवेदनहरु अस्वीकार गरिनु पर्थ्यो भन्ने स्पष्टिकरण माग ।

(ग) कुरियरले फोन गरेर बार्षिक प्रतिबेदन लिन आउनु भन्यो, पुऱ्याउन ल्याएन । कुरियर नगरी हामीलाई बैंकबाटै फोन गरेर लिन आउनु भनेको भए बैंकमा नै लिन आउने थियौं । बैंकको खर्च बचत हुने थियो र हाम्रो आफ्नै पैसा बचत हुने थियो भन्ने सुझाव ब्यक्त ।

(घ) यहाँ उपस्थित शेयरधनीहरु मध्ये पनि कोही संचालकमा उम्मेदवार हुन चाहनु हुन्थ्यो होला, तर सूचना समयमा नपुगेकोले उम्मेदवार बन्न सक्नु भएन होला भन्ने बिचार ब्यक्त ।

११.४ सभामा ब्यक्त भएका जिज्ञासा एवं सुझावहरुको सभाका सभापतिज्यूले निम्नानुसारको जवाफ तथा प्रष्टिकरण प्रस्तुत गर्नु भयो :-

(क) शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भै जिज्ञासा तथा सुझावहरु प्रस्तुत गरिदिनु भएकोमा आभार ब्यक्त गर्नु भयो ।

(ख) बिदेशबाट आउने रेमिटेन्सको भुक्तानी हुण्डिबाट भन्दा बैंकिङ्ग च्यानलबाट ढिलो हुन्छ भन्ने कुरा विश्वाश गर्दैनौं । तर हाम्रो सेवालाई कसरी चाँडो र सुबिधाजनक बनाउन सकिन्छ भनेर हामी प्रयत्नशील छौं । हुण्डी मार्फत पैसा पठाउँदा भन्दा बैंकबाट पठाउँदा सुरक्षित र भरपर्दो हुन्छ । त्यसैले हुण्डीबाट पठाउने क्रम बिस्तारै घट्दो छ र बैंक तिर आकर्षित हुदै गईरहेकाछन् । हाल देशको अर्थतन्त्रको बलियो आधार नै रेमिटेन्स बनिरहेको बेलामा बैंकहरुले पनि सकारात्मक भूमिका निर्वाह गर्न खोजिरहेका छन् भन्ने बिचार ब्यक्त गर्नु भयो ।

बिदेशमा रहेका नेपालीहरुले पठाएको पैसा नेपालमा रहेका उनीहरुको आफन्तले छिटो र भरपर्दो तरिकाले पाउन सकुन् भनेर हाम्रो बैंकले मलेसियामा कार्यरत International Money Express Pvt. Ltd., बेल्जियमको First Remit Ltd., बहराईनको Baharain Financing Company र कतारको Habib Qatar International Exchange Ltd. संग सम्बन्ध कायम गरि रेमिटेन्सको भुक्तानी छिटो छरितोसंग गरिदै आएको छ । यस ब्यबस्थाले बिदेशबाट पैसा पठाएकै दिन नेपालमा हाम्रो बैंकबाट पनि भुक्तानी पाउने ब्यबस्था रहेको जानकारी गराईयो ।

बिप्रेषण कारोबारलाई अझ बढि प्रभावकारी बनाई बढि भन्दा बढि रेमिटेन्स हाम्रो बैंक मार्फत ल्याउने ब्यबस्था कसरी गर्न सकिन्छ भनेर केही समय अगाडि आफू सहितको बैंकको उच्चस्तरिय टोली मध्ये-पूर्वका देशहरुको अध्ययन भ्रमणमा गएको र सो भ्रमणको बेला भएका अन्तर्कृया र अनुभवको आधारमा बैंकले अख्तियार गर्ने नीतिगत र प्रक्रियागत ब्यवस्थाका सम्बन्धमा आवश्यक गृहकार्य भैरहेको ब्यहोरा सम्पूर्ण शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

हाम्रो बैंकिङ्ग प्रविधि केन्द्रीकृत प्रणालीमा आधारित भएकोले कुनै पनि शाखाबाट भुक्तानीको प्रबन्ध मिलाउन सजिलो छ । बैंकको काठमाण्डौंमा शाखा खोलि सके पछि देशको अन्य स्थानहरुमा पनि शाखाहरु खोली रेमिटेन्स कारोबारलाई अझ सजिलो बनाईने छ भन्ने जानकारी दिनु भयो ।

(ग) बैंकको बार्षिक प्रतिबेदन समयमा नै शेयरधनीहरु समक्ष नपुगको भन्ने गुनासो भविष्यमा नआओस् भनी आवश्यक सतर्कता अपनाईनेछ । यसपाली पनि प्रतिवेदन समयमा नै शेयरधनी महानुभावहरु समक्ष पुऱ्याउने कोशिस गरिएको हो तर शान्ति सुरक्षा लगायतका कारणहरुले आशा गरे अनुसारको समयमा पुग्न नसकेको हुन सक्छ । कतिपय शेयरधनीहरुको त ठेगाना नै अपूरो भएकोले पनि पुऱ्याउन नसकिएको अवस्था रहेकोले आगामी दिनहरुमा सजिलोको लागि ठेगाना परिवर्तन भएको र पूरा ठेगाना लेख्न छुट भएको शेयरधनी महानुभावहरुले आफ्नो ठेगाना सच्चाई दिन अनुरोध गर्नु भयो ।

(घ) शेयरधनीहरुले संचालकमा उम्मेदवार हुनको लागि सूचना नपाईएको भन्ने सम्बन्धमा सभाको लागि निर्धारित बिषय सूची सहितको साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि मिति २०६० पौष ४ गतेको कान्तिपुर र मिति २०६० पौष ७ गतेको स्पेसटाईम राष्ट्रिय दैनिकहरुमा नियमानुसार प्रकाशित गरिएको थियो । साथै, यदि कुनै शेयरधनी महानुभावले बार्षिक प्रतिबेदन प्राप्त नगर्नु भएमा बैंकको कार्यालय तथा शाखा कार्यालयहरुबाट संकलन गर्नु हुन समेत सोही सूचनाहरु मार्फत अनुरोध गरिएको थियो भन्ने जानकारी गराउनु भयो ।

(ङ) हिमालय डिष्टिलरीको शेयरमा भएको लगानीको मूल्यांँकन आर्थिक बर्ष २०५९/६० मा उक्त कम्पनीको नेपाल धितोपत्र बिनिमय बजार लिमिटेड (Stock Exchange) मा कारोबार भएको अन्तिम कारोबारको मूल्य र परल मूल्यमा जुन घटी छ, त्यसमा गरिएको हो । त्यस पछिका दिनहरुमा Stock Exchange मा कारोबार हुँदा मूल्यमा परिवर्तन भएको होला भन्ने प्रष्टिकरण प्रस्तुत गर्नु भयो ।

(च) श्री प्राणेश्वर पोखरेल संस्थापक शेयरधनी भएर कसरी सर्वसाधारण शेयरधनीहरुको तर्फबाट बैंकको संचालकमा उम्मेदवार हुनु भयो भन्ने सम्बन्धमा वहाँ संस्थापक शेयरधनी मात्र नभएर बैंकको साधारण शेयरधनी पनि रहेको जानकारी गराउनु भयो । साधारण शेयरधनीको हैसियतले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व हुने गरी संचालकमा उम्मेदवारी दिनु वहाँको कानुन सम्मत अधिकार भएकोले वहाँ संचालकमा उम्मेदवार हुनु भएको प्रष्टिकरण प्रस्तुत गर्नु भयो ।

(छ) बैंकको निक्षेप र कर्जा सापटीको अनुपात (Credit / Deposit Ratio) २०६० असार मसान्तमा ८४ प्रतिशत रहेको छ जसलाई नराम्रो भन्न सकिदैन । नेपाल राष्ट्र बैंकले तोकेको तरलता (CRR) कायम गरेर बाँकी हुने तरलतालाई बैंकले सरकारी सुरक्षणहरु तथा अन्तर बैंक सापटीमा लगानी (Investment) गरिरहेको हुन्छ । कुनै कुनै बेलामा बैकलाई आबश्यक तरलता कायम गर्नको लागि छोटो अवधिको अन्तर बैंक सापटी लिनु पनि पर्ने हुन आउँछ जुन सामान्य बैंकिङ्ग कारोबारमा पर्न आउँछ र रु. ९ करोड सापटी त्यही अन्तर बैंक सापटी हो भन्ने जानकारी दिनु भयो ।

(ज) बैंकको चुक्ता पूँजी संचालक समितिको प्रतिवेदनमा र वासलातमा फरक परेको भन्ने सम्बन्धमा वासलातमा उल्लेखित रकम २०६० असार मसान्त तकको मात्र भएको र त्यस बेलामा चुक्ता भुक्तानी हुन बाँकी शेयर रकम असार मसान्त पछि प्रतिवेदन तयार गर्दाको समयसम्म पूरा चुक्ता भुक्तान भैसकेकोले प्रतिवेदनमा रु. ५५ करोड उल्लेख भएको तर वासलातमा त्यो भन्दा कम देखिन गएको हो भन्ने जानकारी दिनु भयो ।

(झ) शेयरधनीहरुलाई चाँडो भन्दा चाँडो प्रतिफल दिन सकियोस् भन्ने बैंकको प्रयास रहेको र चालु आर्थिक बर्षमा संचित नोक्सानलाई पूरा अपलेखन गरि अर्को आर्थिक बर्ष देखि शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने बैंकको लक्ष्य रहेको जानकारी गराउनु भयो ।

(ञ) ठेगाना पूरा नभएको भए कसरी शेयर बाँडफाँड गरियो भन्ने सम्बन्धमा शेयर निष्काशन तथा बाँडफाँड गर्ने काम शेयर निष्काशन तथा बिक्री प्रबन्धक श्री नेपाल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स कम्पनीद्वारा श्री धितोपत्र बोर्ड तथा श्री धितोपत्र बिनिमय बजार लिमिटेड समेतको रोहबरमा गरिने भएकोले शेयर कसलाई दिने र कसलाई नदिने भन्ने सम्बन्धमा बैंकको कुनै भूमिका नरहने सपष्ट पार्नु भयो ।

प्रत्युत्तरको अन्त्यमा, बैंकले आफ्नो शेयरधनीहरुलाई परिचय पत्र वितरण गर्ने सोंच बनाएकोले शेयरधनीहरुले आफ्नो नाम, तीन पुस्ते बिवरण र पूरा ठेगाना सहित एक प्रति पासपोर्ट साईजको फोटो बैंकको केन्द्रीय कार्यालय, पोखरामा उपलब्ध गराई दिनु हुन सबै शेयरधनी महानुभावहरुलाई सभापति महोदयले अनुरोध गर्नु भयो ।

११.५ संचालक निर्वाचन प्रकृया सम्बन्धमा उठेका जिज्ञासाहरुको जवाफ दिन सभापतिले निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापालाई अनुरोध गर्नु भयो ।

११.६ सभापतिको अनुमतिले निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाज्यूले निर्वाचन प्रकृया सम्बन्धमा शेयरधनी महानुभावहरुको जिज्ञासाहरुको जवाफ निम्न बमोजिम दिनु भयो :-

(क) साधारण सभा सम्बन्धी कार्यक्रमको सूचना शेयरधनी महानुभावहरुले राष्ट्रिय दैनिक पत्रिकाहरु मार्फत जानकारी पाउनु भएकै कुरा हो । सोही सूचनामा उल्लेखित बिषय सूचीहरु अन्तर्गतको दुई पद संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको बारेमा जानकारी पाईएन भन्ने सम्बन्धमा निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रम उल्लेख भएको सूचना सम्बन्धित सबैको जानकारीको लागि मिति २०६० पौष २० गते बैंकको प्रधान कार्यालयको सूचना पाटिमा टाँस गरि प्रकाशित गरिएको जानकारी गराउनु भयो । साथै, माछापुच्छ्रे बैंक लिमिटेडको प्रधान कार्यालय, नयाँबजार, पोखरामा निर्वाचन अधिकृतको कार्यालय रहेको र सबैले सजिलै देखुन् भनेर ढोकामा निर्वाचन अधिकृतको कार्यालय भन्ने साईनबोर्ड समेत राखेर बसेको ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

(ख) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २०६० पौष २१ गते दिनको १२:०० बजे मतदाताहरुको प्रथम नामावली प्रकाशन गरिएको र सो उपर दाबी बिरोध गर्ने समय सोही दिनको ४ बजेसम्म रहेकोमा कसैबाट कुनै किसिमको दाबी बिरोध नआए पछि मिति २०६० पौष २२ गते बिहान १०:०० बजे मतदाताहरुको अन्तिम नामावली प्रकाशित गरिएको थियो ।

(ग) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गर्ने अन्तिम म्याद २०६० पौष २२ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र श्री प्राणेश्वर पोखरेल र श्री प्रकाश बहादुर श्रेष्ठले मात्र संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनु भएको र सोही दिन अपरान्ह ४:१५ बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको थियो ।

(घ) उम्मेदवारी उपर दाबी बिरोध गर्न २०६० पौष २३ गते अपरान्ह ४:०० बजेसम्मको समयावधि दिईएकोमा उक्त मिति र समय भित्र कसैको कुनै उम्मेदवार बिरुद्ध कुनै किसिमको दाबी बिरोध पर्न नआएको र उम्मेदवारले आफ्नो नाम फिर्ता लिने अवधि २०६० पौष २४ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवारले पनि नाम फिर्ता नलिनु भएकोले २०६० पौष २४ गते अपरान्ह ४:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको थियो ।

(ङ) उम्मेदवारी दिने र निर्वाचन गर्ने काम कुनै बैंकको साधारण सभामा पनि एकै दिनमा हुने गर्दैन । कुनै शेयरधनी महानुभावलाई उम्मेदवार बन्ने चाहना भएमा शेयरधनी महानुभावहरुले त्यस सम्बन्धी थाहा पाउन चासो राख्नु पर्ने हुन्छ । साथै, माछापुच्छ्रे बैंक लिमिटेडको संचालक निर्वाचन कार्यबिधि निर्देशिका पनि रहेको छ

र कुनै  शेयरधनी महानुभावलाई संचालकमा उम्मेदवार हुन ईच्छा रहेको भए सो निर्देशिका लगेर हेर्नु भएको भए उम्मेदवारी दिने देखि निर्वाचनसम्मको सबै कार्यबिधिहरु त्यसमा स्पष्ट उल्लेख भएको जानकारी गराउनु भयो ।

(च) आबश्यक दुई पद संचालकको लागि दुई भन्दा बढि संख्यामा उम्मेदवारी परेको भए निर्धारित कार्यक्रम अनुसार आज अवश्य पनि निर्वाचन हुने थियो र उपस्थित सबै शेयरधनी महानुभावहरुले मतदान गर्न पाउनु हुने थियो । तर जत्ति संचालक पद आवश्यक भएको हो, त्यत्ति नै जनाको मात्र उम्मेदवारी पर्न आएकोले आज मतदान गराई रहन परेन भन्ने जानकारी गराउनु भयो ।

(छ) संचालक निर्वाचन सम्बन्धी सम्पूर्ण काम कारबाही बैंकको नियमावली, संचालक निर्वाचन कार्यबिधि निर्देशिका र प्रचलित ऐन कानूनको अधिनमा रही सम्पन्न गरिएकोले यसमा कुनै संशय नराख्न शेयरधनी महानुभावलाई अनुरोध गर्नु भयो ।

**१२. सभाका निर्णयहरु :**

१२.१ संचालक समितिद्वारा प्रस्तुत प्रतिवेदन पारित गर्ने :

सभाको निर्धारित बिषय सूची नं. १ बमोजिम पाँचौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको संचालक समितिको प्रतिवेदन उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापति महोदयले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६० आषाढ मसान्तको वासलात र आ.ब.२०५९/६० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह बिवरण पारित गर्ने :

सभाको निर्धारित बिषय सूची नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०६० आषाढ ३२ गतेसम्मको बासलात, आ.व. २०५९/६० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु समेत उपर बिस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापति महोदयले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२.३ आ. ब. २०६०/६१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रामिक तोक्ने :

सभाको निर्धारित बिषय सूची नं. ३ बमोजिम आर्थिक बर्ष २०६०/६१ को लागि लेखापरीक्षकको नियुक्ति  गरिदिन र पारिश्रामिक निर्धारण गरि दिन सभा समक्ष आग्रह गर्नु भयो । साथै, वहाँले बैंकको चौथो साधारण सभाद्वारा नियुक्त हुनु भएका बैंकका लेखापरीक्षक श्री एस.आर. पाण्डेय एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस पुनः नियुक्त हुन

योग्य रहनु भएको ब्यहोरा पनि सभालाई जानकारी गराउनु भयो । साथै, निजलाई गत आर्थिक बर्षमा पारिश्रमिक वापत कर लेखापरीक्षण र लङ्गफर्म रिपोर्टको रु. १२५,०००/- र भ्रमण खर्च वापत रु. ५०,०००/- गरि जम्मा रु. १७५,०००/- (अक्षेरुपी एकलाख पचहत्तर हजार मात्र) पारिश्रामिक प्रदान गरिएको बिवरण जानकारी गराउनु भयो ।

१२.३.१ उक्त प्रस्ताव उपर सभामा छलफल हुँदा सोही लेखापरीक्षकलाई पुनः नियुक्त गर्नुको सट्टा कोटेशन माग गर्दा सो भन्दा कम पारिश्रमिकमा लेखापरीक्षण गर्ने पनि कोही होलान् भन्ने सुझाव आएकोमा सभाबाटै शेयरधनी श्री गणेश बहादुर श्रेष्ठले बैंकको लेखापरीक्षण गर्ने भनेको साधारण कुरा नभै संबेदनशील बिषय भएको, हरहिसाबको राम्रो परीक्षण गर्न सक्ने अनुभवी हुनु पर्ने भएको साथै, नेपाल राष्ट्र बैंकको निर्देशनहरु र प्रचलित ऐन कानुन बमोजिम पुनः नियुक्त हुन योग्य रहेसम्म सोही लेखापरीक्षकलाई नै नियुक्त गर्ने प्रचलन रहेकोले गत बर्ष कै लेखापरीक्षकलाई सोही पारिश्रमिकमा पुनः नियुक्त गर्ने भन्ने सुझाव पेश गर्नु भएको ।

१२.३.२ सभामा प्रस्तुत सुझावहरु सुनिसके पछि सभापतिले आ.व. २०६०/६१ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न श्री एस.आर. पाण्डेय एण्ड कम्पनी, चार्टड एकाउन्टेन्सलाई नियुक्त गर्ने र निजलाई गत आर्थिक बर्ष प्रदान गरिए बमोजिम कै पारिश्रमिक प्रदान गर्ने प्रस्ताव पेश हुँदा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

१२.४ संचालकहरुको पारिश्रमिक र सुबिधाहरु पारित गर्ने :

सभाको निर्धारित बिषय सूची नं. ४ बमोजिम संचालकहरुको पारिश्रमिक र सुबिधाहरु पारित गर्ने प्रस्ताव उपर छलफल तथा निर्णय हुनु अघि सभापतिज्यूले सभालाई निम्न बिवरणहरु जानकारी गराउनु भयो ।

(क) बैंकको नियमावलीको नियम १२(१) बमोजिम संचालकहरुले बैठकमा उपस्थित भए वापत पाउने भत्ता वा मासिक पारिश्रमिक र बैंकको काम गर्दाको दैनिक तथा भ्रमण भत्ता संचालक समितिले समय समयमा तोके बमोजिम हुनेछ भन्ने ब्यवस्था अनुसार संचालक समितिको बैठक तथा सञ्चालक समितिद्वारा गठित उपसमितिको बैठकमा सहभागी हुँदा बैठक भत्ता वापत रु. ३,५००/- (अक्षेरुपी तीन हजार पाँच सय मात्र) र बैठकको लागि एक ठाउँबाट अर्को ठाउँमा जान आउन यातायात खर्च वापत रु. ३,८००/- (अक्षेरुपी तीन हजार आठ सय मात्र) र संचार सुबिधाको लागि रु.२०,०००/- सम्मको एउटा मोबाईल सेट र मासिक रु.३,०००/- (अक्षेरुपी तीन हजार मात्र) सम्म मोवाईल फोनको महसूल भुक्तानी दिने गरिएको तथा बैठकको लागि एक ठाउँबाट अर्को ठाउँमा जाँदा बैंकको बित्तीय ब्यबस्थापन निर्देशिका बमोजिम २ दिनको दैनिक भ्रमण भत्ता र साधारण सभाको लागि ३ दिनको दैनिक भ्रमण भत्ता प्रदान गरि आएकोमा नेपाल राष्ट्र बैंकले संचालकहरुको पारिश्रामिक तथा अन्य सुबिधाहरु शेयरधनीहरुको साधारण

सभाबाट तोके बमोजिम मात्र गर्न निर्देशन भएकोले सो अनुसार हालसम्म संचालक समितिको बैठक तथा संचालक समितिद्वारा गठित उपसमितिहरुको बैठकमा सहभागी भए वापत भुक्तानी गरेको बैठक भत्ता तथा अरु सुविधाहरु अनुमोदन गरि दिनुहुन र सोही बमोजिमको भत्ता र सुबिधाहरु आगामी दिनहरुमा पनि प्रदान गर्ने निर्णयको लागि सभापतिज्यूले प्रस्ताव गर्नु भयो ।

(ख) सभापतिज्यूले माथि उल्लेखित प्रस्ताव निणयार्थ पेश गर्दा उपस्थित एकजना शेयरधनीबाट बैंक नाफामा नजाउन्जेल संचालकहरुले भत्ता नलिई काम गरिदिए राम्रो हुने थियो भन्ने लिखित सुझाब प्राप्त हुन आएकोले सो सुझाव सभापतिज्यूले सभामा पढेर सुनाउनु भयो ।

शेयरधनीबाट आएको लिखित सुझाव सभामा पढेर सुनाई सके पछि सभापतिज्यूले उपरोक्त सुझाव सैद्धान्तिक रुपमा ठिक भए तापनि ब्यवहारिक रुपमा पालन गर्न कठिन हुने भएकोले सो कुरा बुझि दिनु भै उपरोक्त प्रस्ताव पारित गरि दिन सभा समक्ष प्रस्ताव गर्नु हुँदा सभामा उपस्थित शेयरधनीहरुले सभापतिको प्रस्तावको समर्थन गर्नु भयो ।

(ग) सभापतिज्यूले संचालकहरुलाई हालसम्म प्रदान गरिदै आएको बैठक भत्ता तथा सुबिधाहरु अनुमोदन भएको र आगामी दिनहरुमा पनि हाल प्रदान गरिदै आए बमोजिम कै भत्ता तथा सुबिधाहरु प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

१२.५ साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्ने :-

सभाको निर्धारित बिषय सूची नं. ५ बमोजिम पाचौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र संचालकहरुको तर्फबाट एक एक जना प्रतिनिधि नियुक्त गर्न सभापतिले प्रस्ताव राख्नु भएकोमा शेयरधनीहरुका तर्फबाट शेयरधनी श्री राजु कुमार श्रेष्ठलाई र संचालकहरुको तर्फबाट संचालक श्री आनन्दराज वतासलाई आज बसेको पाँचौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

## १३. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन गर्ने :-

पाचौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ६ बमोजिम सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन गर्नु पर्ने कार्यक्रम रहे अनुरुप उक्त प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री

कृष्ण बहादुर थापालाई निर्वाचन कार्यक्रम र परिणाम बारे सभालाई जानकारी गराई दिन अनुरोध गर्नु भयो ।

सभापतिज्यूको अनुरोध पछि निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाले बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने दुई संचालकहरुको निर्वाचन प्रयोजनको लागि बैंकले वहाँलाई निर्वाचन अधिकृतमा नियुक्त गरेकोमा बैंकलाई धन्यबाद ज्ञापन गर्नु भयो र सभालाई निम्न ब्यहोरा जानकारी गराउनु भयो ।

(क) पाँचौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ६ अन्तर्गतको “ख” समूहका शेयरधनीहरु (सर्वसाधारण शेयरधनीहरु) को तर्फबाट प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना मिति २०६० पौष २० गते बैंकको प्रधान कार्यालयको सूचना पाटिमा टाँस गरि सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको ।

(ख) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २०६० पौष २१ गते दिनको १२:०० बजे मतदाताहरुको प्रथम नामावली र २०६० पौष २२ गते बिहान १०:०० बजे मतदाताहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(ग) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संचालकमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने अन्तिम म्याद मिति २०६० पौष २२ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र शेयरधनी श्री प्राणेश्वर पोखरेल र शेयरधनी श्री प्रकाश बहादुर श्रेष्ठले मात्र संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनु भएको र सोही दिन अपरान्ह ४:१५ बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको ।

(घ) उम्मेदवारी उपर दाबी बिरोध गर्न मिति २०६० पौष २३ गते अपरान्ह ४:०० बजेसम्मको समयावधि दिईएकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवार बिरुद्ध कसैको कुनै किसिमको दाबी बिरोध पर्न नआएको र उम्मेदवारले आफ्नो नाम फिर्ता लिने म्याद मिति २०६० पौष २४ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवारले पनि नाम फिर्ता नलिनु भएकोले मिति २०६० पौष २४ गते अपरान्ह ४:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(ङ) बैंकको संचालक निर्वाचन कार्यबिधि निर्देशिका, २०६० को परिच्छेद ५ को दफा १३(१), बैंकको प्रवन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम संचालक पदको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नु पर्ने संचालकको संख्या भन्दा बढि नभएकोले निम्न उम्मेदवारहरुलाई बैंकको “ख” समूहका शेयरधनीहरु (सर्वसाधारण शेयरधनीहरु) को तर्फबाट संचालक समितिमा

प्रतिनिधित्व गर्ने दुई जना संचालकमा ४ बर्षको लागि निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

(१) श्री प्राणेश्वर पोखरेल, शेयरधनी नम्बर ८६९१,

(२) श्री प्रकाश बहादुर श्रेष्ठ, शेयरधनी नम्बर ११३५१,

(च) परिणाम घोषणा पश्चात नवनिर्वाचित संचालकहरुलाई निर्वाचित अधिकृतले संचालकमा निर्बिरोध निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नु भयो र वहाँहरुको पूर्ण सफल कार्यकालको कामनाका साथै हार्दिक बधाई ज्ञापन गर्नु भयो ।

**१४. नवनिर्वाचित संचालकहरुलाई धन्यबाद ज्ञापन :**

सभाका सभापति श्री चन्द्रमोहन गौचनज्यूले नवनिर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना गर्नुका साथै बधाई ज्ञापन गर्नु भयो । र, वहाँहरुको योग्यता र अनुभवको बारेमा सभालाई जानकारी गराउनु भयो । साथै, नवनिर्वाचित संचालकहरुको योग्यता, दक्षता र अनुभवले बैंकको उन्नतिमा प्रशस्त योगदान पुग्ने आशा पनि ब्यक्त गर्नु भयो ।

साथै, बैंकको “ख” समूहका शेयरधनीहरु (सर्वसाधारण शेयरधनीहरु) को तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम सफलताका साथ सम्पन्न गरि दिनु भएकोमा निर्वाचित अधिकृतलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

**१५. बिबिध :**

यस पाँचौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ७ अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१६. नव निर्वाचित संचालकहरुको मन्तब्य र धन्यबाद ज्ञापन :**

सभाका सभापतिज्यूले नवनिर्वाचित संचालकहरुलाई सभा समक्ष आफ्नो मनतब्य राखि दिनु हुन  अनुरोध गर्नु भयो ।

सभाका सभापतिको अनुमतिले नवनिर्वाचित संचालकहरु श्री प्राणेश्वर पोखरेल र श्री प्रकाश बहादुर श्रेष्ठले आ-आफ्नो मनतब्य ब्यक्त गर्ने क्रममा वहाँहरुलाई संचालकमा निर्वाचित गरिदिनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्नु भयो र शेयरधनीहरुको सल्लाह र सुझावलाई मार्गदर्शनको रुपमा लिई काम गर्ने तथा बैंकले

सकेसम्म चाँडो शेयरधनीहरुलाई प्रतिफल दिन सकोस् भन्ने सोंचले काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

**१७. धन्यबाद ज्ञापन :**

सभापति महोदयले पाँचौं बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, बिचार र सुझाबहरु निकै सकारात्मक रहेको र शेयरधनी महानुभावहरुले दिनुभएको महत्वपूर्ण सल्लाह तथा सुझावहरुलाई ब्यवहारमा उतार्न प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गर्नु भयो र आजको सभा सफलतापूर्वक संचालन गर्न सहभागीता र सहयोगका साथै बैंकको काम कारवाहीमा अभिरुचि राखि बैंक संचालक समिति तथा ब्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

**१८. सभा बिसर्जन :**

सभाका सभापति श्री चन्द्रमोहन गौचनज्यूले अपरान्ह ३:३० बजे पाँचौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

द. ...............................
श्री चन्द्रमोहन गौचन
अध्यक्ष

द. ...............................
श्री राजु कुमार श्रेष्ठ
(शेयरधनीहरुको प्रतिनिधि)

द. ...............................
श्री आनन्द राज वतास
(सञ्चालकहरुको प्रतिनिधि)